

# बजार अवलोकन ६०

मंसिर, २०७०†

**निम्न संस्थाहरुद्धारा संयुक्त रुपमा प्रकाशित :**
विश्व खाद्य कार्यक्रम– खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली
कृषि विकास मन्त्रालय, कृषि विभाग, कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास निर्देशनालय
नेपाल उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द
उपभोक्ता हित संरक्षण मञ्च

## मुख्य बुँदाहरु

- ***हालै भित्र्याइएको बालीहरुले गर्दा आपूर्तिमा बृद्धि हुनाले वा मुख्यत पहाडी तथा हिमाली क्षेत्रमा सडक पहुँचमा सुधार आएको हुनाले २०७० मंसिर महिनामा नेपालभर १२ बजारहरुमा अनगुमन गरिएका प्राय खाद्य बस्तुहरुको मूल्यहरुले घट्दो प्रवृति देखाए ।***
- ***नेपाल राष्ट्र बैंक द्वारा २०७० मंसिरमा प्रकाशित प्रतिवेदन अनुसार समग्र स्फीतिदर १०.३ प्रतिशत कायम रहयो । खाद्य तथा पेय पदार्थको स्फीतिदर १४.५ प्रतिशतमा उच्च रहनुका साथै अन्य खाद्य बस्तुहरुको उच्च स्फीतिदर कायमै रहयो: तरकारी (३६.६ प्रतिशत), मासु र माछा (२७.९ प्रतिशत), फलफुल (१६.८ प्रतिशत), र अन्नहरु (१२.९ प्रतिशत) ।***

## राष्ट्रिय रुपमा बजारको अवस्था

### मूल्य

२०७० मंसिर महिनामा देशभर अनुगमन गरिएका प्राय खाद्य बस्तुहरुको खुद्रा मूल्यहरुले मिश्रित प्रवृति देखाए । मासिक रुपमा मास र भटमासको तेलको खुद्रा मूल्य क्रमश: ०.१ प्रतिशत र ३.३ प्रतिशतका दरले बृद्धि भयो भने मोटा चामल, गहुँको पिठो, मुसुरो, रातो आलु र कुखुराको मासुको मूल्य क्रमश: ४.२, १.९, १.४, २.९ र ३.७ प्रतिशतका दरले घट्यो । विशेष गरी हालै भित्र्याइएको बालीको आपूर्ति बढ्नाले वा मुख्यत पहाडी तथा हिमाली क्षेत्रमा सडक पहुँचमा सुधार आउनाले मूल्यमा कमी आएको हो । तीन महिना अगाडीको तुलनामा गहुँको पिठो, मास, रातो आलु, कुखुराको मासु र भटमासको तेलको मूल्यले बढ्दो प्रवृति देखाए भने मोटा चामल र मुसुरोको मूल्यले घट्दो प्रवृति देखाए । गत वर्ष यही समयको तुलनामा भने प्राय मूल्यहरुले (तोरीको तेल बाहेक) बढ्दो प्रवृति देखाए ।

क्षेत्रीय बजारहरुमा मूल्यहरुले राष्ट्रिय औसत भन्दा केही भिन्न प्रवृति देखाए जस अन्तर्गत मुख्य उपभोक्ता बजारहरुमा (काठमाडौं र पोखरा) मोटा चामल र गहुँको पिठोको मूल्यले बढ्दो प्रवृति देखाए भने तराई र पहाडी तथा हिमाली बजारहरुमा मोटा चामलको मूल्यले घट्दो प्रवृति देखायो ।

नेपाल उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्र द्वारा बिर्तामोड, काठमाडौं, बुटवल, सुर्खेत र धनगढीका पाँच ठूला बजारहरुमा अनुगमन गरिएका थोक मूल्यहरुले गत एक महिनामा न्यून रुपमा बढ्दो प्रवृति देखाए । कालीमाटी फलफूल तथा तरकारी बजारमा ताजा तरकारीको थोक मूल्यहरुले मौसमी रुपमा हुने उच्च उतारचढाव देखाए; जस्तै रामतोरीया, तीते करेला र काँक्रो जस्ता तरकारीहरुको उत्पादन रित्त हुने समय सुरु भएको हुनाले आपूर्तिमा कमी आई यी तरकारीहरुको मूल्यमा ९ प्रतिशत भन्दा बढीका दरले बृद्धि भयो भने बन्दा, काउली, भेन्टा, गोलभेडा, सुकेको प्याज, मुला, घ्यू सीमी र गाँजर जस्ता तरकारीहरुको आपूर्ति बढ्नाले मूल्यमा तीव्र कमी आयो ।

नेपाल राष्ट्र बैंक द्वारा २०७० मंसिरमा प्रकाशित समग्र उपभोक्ता मूल्य सूचकाङ्क (CPI) मासिक रुपमा ०.१ प्रतिशतले कमी आई १९८.४ भयो । वार्षिक रुपमा CPI को स्फीतिदर १०.३ प्रतिशत भएको पाइयो । खाद्य तथा पेय पदार्थको CPI मा मासिक रुपमा ०.२ प्रतिशतका दरले कमी आयो तर वार्षिक रुपमा भने १४.५ प्रतिशतका दरले बृद्धि भई २४१.९ भयो; अन्य विभिन्न खाद्य बस्तहरुको CPI ले वार्षिक रुपमा उच्चस्तरमा बढ्दो प्रवृति देखाए; तरकारी (३६.६ प्रतिशत), मासु र माछा (२७.९ प्रतिशत), फलफुल (१६.८ प्रतिशत), अन्नहरु (१२.९ प्रतिशत), र मरमसलाहरु (११.४ प्रतिशत) । गैह्र खाद्य बस्तुहरु र सेवा सम्बन्धि CPI मासिक रुपमा ०.१ प्रतिशत र वार्षिक रुपमा ६.७ प्रतिशतले बृद्धि भई १६६.९ प्रतिशत भयो ।

### आपूर्ति

यातायात सेवाहरु सुचारु रुपमा सञ्चालन भएको हुनाले देशभर आपूर्ति अवस्था सामान्य रहेको छ । जसको फलस्वरुप, पहाडी तथा हिमाली बजारहरुमा खाद्यान्न आपूर्तिमा बृद्धि भएको छ । लेगुवाघाट स्थित अरुण नदीमा स्टिल ट्रस (steel truss) पूल सञ्चालनले पूर्वी पहाडी भेगको भोजपुर र खोटाङ जिल्लाहरुमा खाद्यान्न ढुवानी लागतमा कमी आई खाद्यान्न आपूर्तिमा बृद्धि हुने अनुमान छ ।

### पूर्वानुमान

प्राय अन्नहरुको उत्पादन रित्त हुने समय सुरु भएको हुनाले आउँदो महिनामा प्राय खाद्य बस्तुहरुको मूल्य स्थिर रहने वा बृद्धि हुने अनुमान छ । यद्यपि, मौसमी तरकारीहरुको बाली भित्र्याउने समय भएको हुनाले मूल्यमा कमी आउने अपेक्षा गरिएको छ ।

हालै पहाडी तथा तराई क्षेत्रमा वर्षा हुनाले र हिमाली क्षेत्रमा हिउँ पर्नाले गहुँ र जौं जस्ता हिउँदे बालीहरुको हाल सम्मको उत्पादन पूर्वानुमान राम्रो छ ।

**मुख्य वस्तुहरुको मूल्यमा भएको अत्यधिक परिवर्तन**

| वस्तुहरु | मूल्य ने रु/केजि, लि | १ महिनाको परिवर्तन (%) | अवलोकन |
|---|---|---|---|
| रामतोरीया, काँक्रो र तीते करेला | विभिन्न | > ९ | मौसमी रुपमा उत्पादन रित्त हुने समय सुरु भएको हुनाले आपूर्तिमा कमि । |
| बन्दा, काउली, गोलभेडा, सुकेको प्याज, सुन्तला, गाँजर र मुला | विभिन्न | >-१५ | बाली भित्र्याउने समय भएको हुनाले आपूर्तिमा बृद्धि । |

**१२ महिनाको औसत मूल्य ***




**मूल्य परिवर्तन प्रतिशतमा ** (१ महिना र १ वर्ष)**




नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतिय ठेगाना **http://www.sites.google.com/site/nefoodsec** मा हेर्न सकिनेछ ।

† मूल्यहरु २०७० मंसिर महिनाको मूल्य सँग सम्बन्धित छन् ।
* मूल्यहरु यस प्रतिवेदनको पछाडी पट्टी दिईएको बजारहरुबाट लिइएको हो । तर *सडक नपुगेका हिमाली तथा पहाडी बजारहरु* यसमा समावेश छैनन् ।
** मूल्य परिवर्तन यस प्रतिवेदनमा भएका सम्पूर्ण बजारहरुसंग सम्बन्धित छन् ।



नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

## मुख्य खाद्य बस्तुहरुको खुद्रा मूल्य- मंसिर, २०७०

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/के जि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत परिवर्तन १म | ३ म | १ वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| **मूख्य उपभोक्ता बजार** | | | | | | | | |
| काठमाडौं | मोटा चामल | ४१.० | -२.४ | ७.९ | १३.९ | ► | ► | ► |
| | गहुँको पिठो | ४३.० | ०.० | ७.५ | २६.५ | ► | ► | ▲ |
| | भटमासको तेल | १४३.० | ०.० | -१.४ | -१.४ | ► | ► | ► |
| | कुखुराको मासु | ३५०.० | -१०.३ | १६.७ | ६२.८ | ▼ | ▲ | ▲ |
| | तोरीको तेल | १७७.० | ६.० | ७.३ | -८.३ | ▲ | ► | ► |
| | मास | ११७.० | ०.० | ३.५ | ३.५ | ► | ► | ► |
| | मुसुरो | १०७.० | ०.० | ३.९ | ७.० | ► | ► | ► |
| | आलु | ३१.० | -४५.६ | -१६.२ | -१६.२ | ▼ | ▼ | ▼ |
| पोखरा | मोटा चामल | ४३.८ | ४.२ | -२.६ | ४.२ | ► | ► | ► |
| | गहुँको पिठो | ४४.५ | ३.५ | १.१ | ३०.९ | ► | ► | ▲ |
| | भटमासको तेल | १४५.० | १.४ | ०.० | ०.० | ► | ► | ► |
| | कुखुराको मासु | ३९५.० | ३१.७ | ४१.१ | ४१.१ | ▲ | ▲ | ▲ |
| | तोरीको तेल | १८१.० | -२.२ | ०.६ | ०.६ | ► | ► | ► |
| | मास | १२५.० | १.६ | ०.० | ५.९ | ► | ► | ► |
| | मुसुरो | ११०.० | -२.७ | ०.० | १५.८ | ► | ► | ▲ |
| | आलु | ५८.० | १०९.२ | १५४.७ | १७.१ | ▲ | ▲ | ▲ |
| **क्षेत्रीय तराई बजार** | | | | | | | | |
| बिराटनगर | मोटा चामल | ३८.० | -९.५ | ०.० | २६.७ | ▼ | ► | ▲ |
| | गहुँको पिठो | ४०.० | ०.० | ०.० | १४.३ | ► | ► | ► |
| | भटमासको तेल | १४५.० | ३.६ | ७.४ | ३.६ | ► | ► | ► |
| | कुखुराको मासु | ३००.० | ०.० | ३०.४ | ५०.० | ► | ▲ | ▲ |
| | तोरीको तेल | १६५.० | -५.७ | २२.२ | -८.३ | ▼ | ▲ | ► |
| | मास | १००.० | -९.१ | ०.० | ०.० | ▼ | ► | ► |
| | मुसुरो | ९५.० | -१७.४ | -१५.९ | -१३.६ | ▼ | ▼ | ► |
| | आलु | ४३.० | २२.९ | ४३.३ | ७.५ | ▲ | ▲ | ► |
| बिरगंज | मोटा चामल | ३६.० | -१४.३ | -५.३ | ५.९ | ▼ | ► | ► |
| | गहुँको पिठो | ३८.० | ५.६ | ११.८ | ८.६ | ▲ | ▲ | ► |
| | भटमासको तेल | १४५.० | ०.० | -३.३ | -४.६ | ► | ► | ► |
| | कुखुराको मासु | २८०.० | -६.७ | ७५.० | १६.७ | ▼ | ▲ | ▲ |
| | तोरीको तेल | १७०.० | ०.० | -५.६ | -५.६ | ► | ► | ► |
| | मास | १००.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| | मुसुरो | ११०.० | १.९ | ०.० | ०.० | ► | ► | ► |
| | आलु | ३०.० | -५०.० | ३०.४ | ३६.४ | ▼ | ▲ | ▲ |
| नेपालगंज | मोटा चामल | - | - | - | - | - | - | - |
| | गहुँको पिठो | - | - | - | - | - | - | - |
| | भटमासको तेल | - | - | - | - | - | - | - |
| | कुखुराको मासु | - | - | - | - | - | - | - |
| | तोरीको तेल | - | - | - | - | - | - | - |
| | मास | - | - | - | - | - | - | - |
| | मुसुरो | - | - | - | - | - | - | - |
| | आलु | - | - | - | - | - | - | - |
| धनगढी | मोटा चामल | ३६.० | २.९ | -७.७ | ९.१ | ► | ► | ► |
| | गहुँको पिठो | ३३.० | ०.० | -२.९ | ३.१ | ► | ► | ► |
| | भटमासको तेल | १४०.० | ०.० | ०.० | १०.२ | ► | ► | ► |
| | कुखुराको मासु | ३००.० | -१.३ | ०.० | २०.० | ► | ► | ▲ |
| | तोरीको तेल | १७२.० | १.२ | ४.९ | २.४ | ► | ► | ► |
| | मास | १२८.० | -१.५ | ४.१ | -३.० | ► | ► | ► |
| | मुसुरो | ११०.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| | आलु | ४०.० | ०.० | ५.३ | ६०.० | ► | ► | ▲ |

▲ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य बढेको

► सामान्य मूल्य परिवर्तन

▼ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य घटेका

यदि मूल्य परिवर्तन १ महिनामा ५ % सम्म, ३ महिनामा १० % सम्म अथवा १ वर्षमा १५ % सम्म भएमा त्यसलाई सामान्य मानिने छ।

* यो नेपाल खाद्य संस्थान द्वारा वितरीत चामल हो किनभने त्यहाँ अन्य खाद्य सँचिती उपलब्ध छैन।

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/के जि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना१ ६.७ | ३ महिना | १ वर्ष | औसत परिवर्तन १म | ३ म | १वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| भैरहवा | मोटा चामल | ३०.० | -१४.३ | -१८.९ | ३.४ | ▼ | ▼ | ► |
| | गहुँको पिठो | ३६.० | -५.३ | ९.१ | २.९ | ▼ | ► | ► |
| | भटमासको तेल | १५०.० | ७.१ | ७.१ | ३.४ | ▲ | ► | ► |
| | कुखुराको मासु | ३००.० | -७.७ | ७.१ | १५.४ | ▼ | ► | ▲ |
| | तोरीको तेल | १७०.० | ६.३ | -१०.५ | -१२.८ | ▲ | ▼ | ► |
| | मास | १२०.० | ११.१ | २०.० | ०.० | ▲ | ▲ | ► |
| | मुसुरो | ११०.० | १०.० | १०.० | ४.८ | ▲ | ► | ► |
| | आलु | ३३.० | -५.७ | ७३.७ | ३२.० | ▼ | ▲ | ▲ |
| **सडक पहुँच भएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| धनकुटा | मोटा चामल | ४०.० | -११.१ | ०.० | २१.२ | ▼ | ► | ▲ |
| | गहुँको पिठो | ४६.० | -८.० | ०.० | ३१.४ | ▼ | ► | ▲ |
| | भटमासको तेल | १७५.० | १६.७ | १६.७ | १६.७ | ▲ | ▲ | ▲ |
| | कुखुराको मासु | ३००.० | -१४.३ | ०.० | ७.१ | ▼ | ► | ► |
| | मास | १२०.० | -४.० | ०.० | ०.० | ► | ► | ► |
| | मुसुरो | ११०.० | -८.३ | ०.० | -४.३ | ▼ | ► | ► |
| | आलु | ५५.० | १०.० | २२.२ | २२.२ | ▲ | ▲ | ▲ |
| रोल्पा | मोटा चामल | ३४.० | ६.३ | ०.० | ६.३ | ▲ | ► | ► |
| | गहुँको पिठो | ४०.० | ०.० | ०.० | १७.६ | ► | ► | ▲ |
| | भटमासको तेल | १६०.० | ०.० | ०.० | ६.७ | ► | ► | ► |
| | कुखुराको मासु | ३३०.० | ०.० | ०.० | १७.९ | ► | ► | ▲ |
| | मास | ११०.० | ०.० | ०.० | ४.८ | ► | ► | ► |
| | मुसुरो | १२०.० | ९.१ | ०.० | २०.० | ▲ | ► | ▲ |
| | आलु | ४५.० | १२.५ | ०.० | -२५.० | ▲ | ► | ▼ |
| सांफेबगर | मोटा चामल | ४०.० | ८.१ | ५.३ | १४.३ | ▲ | ► | ► |
| | गहुँको पिठो | ४०.० | ८.१ | ०.० | ५.३ | ▲ | ► | ► |
| | भटमासको तेल | ३५०.० | -१२.५ | ०.० | १६.७ | ▼ | ► | ▲ |
| | कुखुराको मासु | १७०.० | -२.९ | -५.६ | -५.६ | ► | ► | ► |
| | मास | १२०.० | -११.१ | ०.० | ०.० | ▼ | ► | ► |
| | मुसुरो | १२०.० | -६.३ | ०.० | - | ▼ | ► | - |
| | आलु | ४५.० | -१०.० | -१८.२ | -१०.० | ▼ | ▼ | ► |
| जुम्ला | मोटा चामल | ६०.० | ०.० | ०.० | २०.० | ► | ► | ▲ |
| | गहुँको पिठो | ७०.० | ०.० | १६.७ | ०.० | ► | ▲ | ► |
| | भटमासको तेल | १६०.० | -३.० | ०.० | -११.१ | ► | ► | ► |
| | कुखुराको मासु | ४००.० | ०.० | ०.० | १४.३ | ► | ► | ► |
| | मास | १४०.० | -६.७ | ३.७ | ४०.० | ▼ | ► | ▲ |
| | मुसुरो | १४०.० | -६.७ | -३.४ | ४०.० | ▼ | ► | ▲ |
| | आलु | ३०.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| बाजुरा | मोटा चामल | ३०.० | -१६.७ | -३३.३ | -९.१ | ▼ | ▼ | ► |
| | गहुँको पिठो | ४०.० | -१६.७ | -२०.० | ११.१ | ▼ | ▼ | ► |
| | सीमी | १२०.० | ९.१ | ०.० | ०.० | ▲ | ► | ► |
| | मास | १२०.० | ९.१ | ०.० | ०.० | ▲ | ► | ► |
| | मुसुरो | १२०.० | ९.१ | ०.० | ०.० | ▲ | ► | ► |
| | आलु | ४०.० | ०.० | १४.३ | ३३.३ | ► | ▲ | ▲ |
| **सडक पहुँच नभएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| हुम्ला | मोटा चामल* | ४२.० | ०.० | ०.० | ५.० | ► | ► | ► |
| | गहुँको पिठो | २००.० | ०.० | ०.० | -१३.० | ► | ► | ► |
| | भटमासको तेल | ३००.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| | सीमी | ११०.० | -८.३ | -८.३ | ०.० | ▼ | ► | ► |
| | मास | ०.० | - | - | - | - | - | - |
| | मुसुरो | ०.० | - | - | - | - | - | - |
| | आलु | ११०.० | १०.० | ५७.१ | १७५.० | ▲ | ▲ | ▲ |
| डोल्पा | मोटा चामल | १४०.० | ०.० | ०.० | २७.३ | ► | ► | ▲ |
| | गहुँको पिठो | १३०.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| | भटमासको तेल | २४०.० | ०.० | ०.० | ४.३ | ► | ► | ► |
| | सीमी | १६०.० | -२०.० | - | -३६.० | ▼ | - | ▼ |
| | मास | २५०.० | ०.० | ०.० | ८.७ | ► | ► | ► |
| | मुसुरो | २५०.० | ०.० | ०.० | ८.७ | ► | ► | ► |
| | आलु | ३०.० | ०.० | ०.० | -१४.३ | ► | ► | ► |

नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतिय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिनेछ।

यो **बजार अवलोकन** विश्व खाद्य कार्यक्रम, नेपालले कृषि व्यवसाय प्रबर्धन तथा बजार बिकास निर्देशनालय, नेपाल उद्योग वाणिज्य महासंघ तथा उपभोक्ता हित संरक्षण मञ्चको संयुक्त सहकार्यमा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली NeKSAP को एक पाटोका रुपमा तयार पारेएको हो। नेपाल खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली द्वारा प्रकाशीत सम्पूर्ण सामाग्रीहरु NeKSAP को विद्युतिय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिने छ। थप जानकारीका लागि पो. ब. १०७, टेलिफोन : ५२६०६०७ एक्सटेन्सन् नं.: २४२०–५ मा सम्पर्क राख्न सकिनेछ।

यो परियोजना यूरोपीयन यूनियनको सहयोगमा सञ्चालित छ।
यस बुलेटिनमा प्रकासित विचारहरुले यूरोपीयन यूनियनको विचारहरुलाई प्रतिविम्वित गर्दछ भन्ने कूनै जरुरी छैन।